नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
कृषि विभाग
फोन नं.: ०९१-५६१४१५
rkis2ndagriculture@gmail.com
https://aciu.rjkip.gov.np
Facebook Page: Rani Jamara Kulariya

रानी जमरा कुलरिया सिँचाइ आयोजना
कृषि कार्यक्रम कार्यान्वयन एकाई, टीकापुर
टीकापुर, कैलाली

कृषि उत्पादन तथा प्रशोधन र बजारीकरणमा सहयोग गर्ने कृषि औजार यन्त्र उपकरणमा सहयोगकालागि माग पेशगर्ने बारेको सूचना ।

सूचना नं.: १४/२०८३/८४

सूचना प्रकाशित मितिः २०८३/०७/१८

रानी जमरा कुलरिया सिंचाइ आयोजना, कृषि कार्याक्रम कार्यान्वयन एकाई, टीकापुरको कार्यक्षेत्रभित्र व्यावसायिक कृषि प्रवर्द्धन, कृषि श्रमिक अभावको समस्या समाधानमा सहयोग तथा उत्पादन लागत घटाउनकोलागि कृषि वालीवस्तु उत्पादन, प्रशोधन र बजारीकरणमा प्रयोग हुने बिभिन्न कृषियन्त्र औजार उपकरणहरु खरिदमा लागत साझेदारी सहयोगकालागि रानी जमरा कुलरिया सिँचाइ आयोजना, कृषि कार्यक्रम कार्यान्वयन एकाई, टीकापुर, कैलालीको आ.व. २०८३/८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **"कृषि उत्पादन, प्रशोधन र बजारीकरणमा सहयोग गर्ने कृषि सम्बन्धि यन्त्र औजार उपकरणमा सहयोग कार्यक्रम"** कार्यान्वयन गर्न इच्छुक व्यावसायिक कृषक/कृषक समूह/कृषि कार्यगर्ने सहकारी/कम्पनी/फर्म/जल उपभोक्ता समिति/कस्टम हायरिङ्ग सेन्टरहरुले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र (मिति २०८३/०८/१७ गतेसम्म) यस आयोजनाको कार्यालय, टीकापुर वा सम्पर्क कार्यालय सुखडमा तोकिएको ढाँचामा माग आवेदन दर्ता गराउनुहुन सम्बन्धित सबैमा जानकारीकोलागि यो सूचना प्रकाशित गरिएको छ। रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु मूल्याङ्कनमा समावेश गरिनेछैन।

कार्यक्रम	लक्ष्य संख्या	स्वीकृत कूलजम्मा बजेट रकम रु.	लागत साझेदारी सहयोग रकम रु.
कृषि उत्पादन तथा प्रशोधन र बजारीकरणमा सहयोग गर्ने कृषि औजार यन्त्र उपकरणमा सहयोग	कम्तिमा ३००	६०० लाख	अधिकतम ५०% रकम

- रानी जमरा कुलरिया सिँचाइ आयोजनाको कार्य क्षेत्रभित्र (टीकापुर नगरपालिका, भजनी नगरपालिका, घोडाघोडी नगरपालिका, जानकी गाउँपालिका, जोशीपुर गाउँपालिका, बर्दगोरिया गाउँपालिका भरी र लम्कीचुहा नगरपालिकाको वडा नं. १० भरी र ३, ५ र ७ का तोकिएका क्षेत्र)
- **सम्भावित कृषियन्त्र औजार उपकरणहरु:**
  - पावरटिलर, पावरटिलर रिपर, मिनीटिलर, केज व्हील, स्पेशल ज्वाईन्ट, हब कनेक्टर
  - ट्रयाक्टर, ट्रयाक्टर ट्रली, धान थ्रेसर, गँहु थ्रेसर, मकै थ्रेसर,
  - रोटाभेटर, रोटो सिड ड्रिल, सुपर सिडर, कल्टिभेटर, डिस्क ह्यारो, रिजर, बन्ड फर्मर
  - कम्बाइन हार्भेष्टर- ट्रयाक र ह्वील, बेलर, स्ट्र रिपर
  - प्याडी ट्रान्सप्लान्टर, प्याडी ड्रायर, सिड ग्रेडिंग मेशिन, पावर विडर, मिनी कर्न सेलर
  - ईलेक्ट्रिक लोडर, पेट्रोल लोडर, पावर स्प्रेयर
  - आलु प्लान्टर, आलु हार्भेस्टर
  - साइलेज मेशिन, पेलेट मेशिन, ईलेक्ट्रिक च्याफकटर, मह प्रशोधन मेशिन, एरिएटर


पेश गर्नुपर्ने कागजातहरु:

१. निर्दिष्ट फर्मेट अनुसारको माग आवेदन

२. माग गरेको कृषकको कृषक सूचिकरण परिचयपत्र नं. वा निस्सा विवरण(यथासम्भव), नेपाल सरकारले जारी गरेको फोटो सहितको परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि

३. कृषक समूह/कृषि सम्बन्धि कार्य गर्ने सहकारी/कम्पनी/फर्म/जल उपभोक्ता समिति/कस्टम हायरिङ्ग सेन्टरको दर्ता, नविकरण, स्थायी लेखा नम्बरको प्रतिलिपी, कार्यकारी समितिबाट कृषियन्त्र औजार माग गर्ने कृषकको नाम, ठेगाना, सम्पर्क नम्बर र कृषियन्त्रको नाम उल्लेख भएको निर्णयको प्रतिलिपी

४. खेती गरेको लालपूर्जाको प्रतिलिपी वा जग्गा अधिया/बटैया/भोकबन्दी/भाडामा (Lease or Contract) लिएको भए सम्झौताको प्रतिलिपी वा खेती गरेको जग्गाको प्रमाण खुल्ने अन्य आधिकारिक कागजात। आवेदकको परिवारका एकघरेकी अन्य सदस्यको नाममा जग्गा भएमा नाता खुल्ने कागजातको प्रतिलिपी



कृषि यन्त्रमा सहयोग प्राप्तिकालागि छनौटका मुख्य आधारहरु:

- खेती गरिएको जग्गाको क्षेत्रफल
- व्यावसायिक कृषि योजना र कार्यान्वनको अवस्था
- उक्त क्षेत्रमा कृषि यन्त्र उपकरणको उपलब्धता
- आवेदकको आर्थिक अवस्था
- बिगतका बर्षहरुमा यसै आयोजना वा अन्य कुनै निकायबाट (संघीय, प्रादेशिक वा स्थानीय तह आदि) सहयोगमा एकै प्रकारका कृषियन्त्र प्राप्तिको अवस्था
- सामाजिक रुपमा पछाडी परेको समुदायहरुलाई प्राथमिकता
- आवश्यकतानुसार यथार्थ वस्तुस्थीतिको फिल्ड भेरिफिकेसन

बिशेष अनुरोध:

- आवेदन पेशगर्दा रीतपूर्वक फारम पूर्णरुपमा भर्नुहोला साथै आवश्यक पर्ने सूचना नलेखी खाली नछोड्नु होला।
- आवेदन पेशगर्दा एका घरपरिवारका सदस्यले दोहोरिने गरी समूह/सहकारीको नामबाट आवेदन पेश नगर्नुहुन अनुरोध छ। यसो गरेको पाइएमा सो समूह/सहकारीको आवेदन खारेज गरिने छ। यस आयोजनाको कार्यक्षेत्र भित्रका लाभग्राहीहरुले अनुदानमा कृषियन्त्र प्राप्त गरी अन्यलाई बेच्ने तथा कार्यक्षेत्र बाहिरका कृषकहरुलाई दिने मनसाय राखी आवेदन पेश नगर्नुहुन समेत अनुरोध छ।
- कुनैपनि यन्त्र माग गर्दा कृषिमा प्रयोगको पुष्टयाँई हुनेगरी आवश्यकता र औचित्य आवेदनमा खुलाउनुहुन समेत अनुरोध छ। गैरकृषि प्रयोजनकोलागि माग आवेदन पेश नगर्नुहुन जानकारी गराईन्छ।
- यो सूचना तथा कृषियन्त्र माग आवेदन फाराम यस आयोजनाको Website: https://aciu.rjkip.gov.np र facebook page: Rani Jamara Kulariya बाट समेत हेर्न र डाउनलोड गर्न सकिने छ।

थप जानकारी चाहिएमा

आयोजनाको कार्यालय टीकापुर वा सुखडमा सम्पर्क राख्न सकिनेछ

नोटः यो सूचना "समाधान न्यूज राष्ट्रिय दैनिक" पत्रिकाको मिति २०८३/०७/१८ गतेको अङ्कमा प्रकाशन भएको छ।

"कृषियन्त्र औजार उपकरणको माग आवेदन प्रस्ताव"

आवेदन फारम

श्रीमान आयोजना कोअर्डिनेटर,
रानी जमरा कुलरिया सिँचाइ आयोजना,
कृषि कार्यक्रम कार्यान्वयन एकाई,
टीकापुर, कैलाली

मितिः- .....

विषयः कृषि औजार/उपकरणमा लागत साझेदारी सहयोग उपलब्ध गराई पाउँ।

प्रस्तुत विषयमा तहाँ आयोजनाको मिति २०८३/०७/१८ गतेको "समाधान न्यूज राष्ट्रिय दैनिक" पत्रिका प्रकाशित सूचना अनुसार म/हामीलाई कृषि बालीबस्तु उत्पादन/प्रशोधन/बजारीकरणमा सहयोग पुग्ने यसैसाथ संलग्न प्रस्ताव फाराम अनुसारका कृषियन्त्र औजार उपकरण आवश्यक परेकोले परल मूल्यमा लागत साझेदारी सहयोग उपलब्ध गराई पाउँ भनि तपसिल अनुसारका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेकोछु/छौं। साथै उक्त लागत साझेदारी अनुदान सहयोग कार्यक्रमको लागि छनौट भएमा आयोजनासँग भएको सम्झौतानुसार कृषियन्त्र पूर्ण रुपमा परिचालन/सञ्चालन गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं।

संलग्न कागजातहरु

१. आवेदन प्रस्ताव
२. माग गरेको कृषकको कृषक सूचिकरण परिचयपत्र नं. वा निस्सा विवरण(यथासम्भव), नेपाल सरकारले जारी गरेको फोटो सहितको परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी
३. कृषक समूह/कृषि सम्बन्धि कार्य गर्ने सहकारी/फर्म/जल उपभोक्ता समिति/कस्टम हायरिङ्ग सेन्टरको हकमा दर्ता, नविकरण, स्थायी लेखा नम्बरको प्रतिलिपी,, करचुक्ता सम्बन्धि प्रमाण र कार्यकारी समितिबाट कृषि औजार माग गर्ने कृषकको नाम, ठेगाना र सम्पर्क नम्बर तथा माग गरेको कृषियन्त्रको नाम उल्लेख भएको निर्णय प्रतिलिपी
४. खेती गर्ने/गरेको लालपूर्जाको प्रतिलिपी वा जग्गा अधिया/बटैया/भोकबन्दी/भाडामा (Lease or Contract) लिएको भए सम्झौताको प्रतिलिपी वा खेती गरेको जग्गाको प्रमाण खुल्ने अन्य आधिकारिक कागजात। आवेदकको परिवारका एकाघरका अन्य सदस्यको नाममा जग्गा भएमा नाता खुल्ने कागजातको प्रतिलिपी

निवेदकः

कृषक/समूह/सहकारी/फर्म/जल उपभोक्ता समिति/कष्टम हायरिङ्ग सेन्टरको नामः .....
ठेगानाः .....
सम्पर्क ब्यक्तिको सम्पर्क नंम्बरः- .....
दस्तखतः.....

छापः

"कृषियन्त्र औजार उपकरणको माग आवेदन प्रस्ताव"

प्रस्तावको ढाँचा

क. आवेदकको विवरण

१. आवेदक कृषक/संस्थाको नामः- ....

२. ठेगानाः- जिल्ला ....., गाँउपालिका/ नगरपालिका, ...वडा नम्बर, ...टोल .....

३. सम्पर्क व्यक्तिको नामः .....मोवाईल नं. ....

४. नागरिकता दर्ता प्रमाण पत्र नम्बरः- ..... ५.जारी जिल्ला :..... र मिति : .....

६. समूह/सहकारी/फर्म/समितिको हकमा दर्ता नम्बरः- .....दर्ता निकाय ....

७. संस्थाको हकमा सदस्य संख्याः- महिला ..... पुरुष ..... जनजाती..... दलित ..... अन्य .....

८. कार्यक्रम सञ्चालन स्थल (कृषियन्त्र प्रयोग हुने क्षेत्रको ठेगाना) ....

९. उद्देश्यः- ....

१०. कृषि बालीबस्तु खेती गरेको जम्मा जग्गाको क्षेत्रफल(निजि/अधिया/भोकबन्दी/भाडा वा अन्य) वा पालन गरेको पशुपन्छी संख्या सम्बन्धि विवरण (जम्मा खेती गरेको क्षेत्रफल बिगाहा वा पशुपन्छी संख्या):- .....

ख. लाभान्वित हुने कृषक पारिवारिक विवरण

१. प्रत्यक्ष लाभान्वित हुने (यन्त्र खरिदबाट) कृषक परिवार संख्याः .....२. अप्रत्यक्ष लाभान्वित (सेवा प्रदानबाट) हुने परिवार संख्या :.....

क.सं.	कृषियन्त्र लिने कृषकको नाम (समूह/सहकारी/फर्म/समिति/संस्थाको हकमा)	सम्पर्क नम्बर	पद	लिंग	उमेर	नागरिकता नम्बर र जिल्ला	सामाजिक बर्गिकरण (दलित/जनजाती/अन्य)	खेती गरेको क्षेत्रफल (कट्ठामा)
१								
२								
३								
४								
५								
६								
७								
८								
९								
१०								

कृषक धेरै जना भइ थप स्थान आवश्यक परेमा यसै पानाको पछाडी लेख्नुहोस वा पाना थप्नुहोस।

ग. अनुदान सहयोगमा माग गरिएको कृषि औजार/उपकरणको विवरण (अति आवश्यक यन्त्रको प्राथमिकताक्रम अनुसार लेख्नुहोलाः जस्तै सबैभन्दा आवश्यक यन्त्र क्र.स.१ नम्बरमा लेख्ने, त्यसपछिको २ नं.मा लेख्ने)

क्र.सं.	कृषियन्त्र औजार उपकरणको नाम	मोडेल/साइज/क्षमता (जस्तैः २०/२२ hp, self start, etc)	संख्या	अनुमानित एकाई मूल्य दररेट रु.	जम्मा मूल्य रु.	अनुदान सहयोग रु. (बढीमा ५०%)	कृषकको लगानी (कम्तिमा ५०%)
१							
२							
३							
४							

थप स्थान आवश्यक परेमा यसै पानाको पछाडी उल्लेख गर्नुहोला

"कृषियन्त्र औजार उपकरणको माग आवेदन प्रस्ताव"

घ. आवेदकको एकाघर परिवारमा वर्तमानमा रहेका कृषियन्त्रहरुको बिवरणः (आफै किनेको वा अनुदानित - गत बिगतमा जस्तैः संघिय, प्रादेशिक, स्थानिय, गैर सरकारी संघसंस्था आदिबाट अनुदानमा प्राप्त गरेको कृषि यन्त्रको बिवरण अनिवार्यरुपमा उल्लेख गर्नुहोला बिवरण झुठा ठहरिएमा निवेदन खारेज हुनेछ, प्राप्त नगरेको भएमा पनि प्राप्त नभएको लेख्नुहोला, खाली नछोडनु होला)

क.सं.	कृषियन्त्र औजार उपकरणको नाम	किनेको बर्ष	अनुदान सहयोग प्राप्त गरेको भएमा सहयोगी निकायको नाम	अनुदान सहयोग प्रतिशत	हालत/अवस्था (चालू/बिग्रीएको/मर्मत हुनै नसक्नेगरी बिग्रीएको)

ङ. प्रस्तावकको आर्थिक अवस्थाः-

क.सं.	कृषकको नाम	घर (चुली/टीनको छाना/पक्की/अन्य)	परिवारको निजी जग्गा (कठ्ठामा)	परिवारमा सदस्यको रोजगारीको अवस्था	बार्षिक अनुमानित आय रु.
१					
२					

थप स्थान आवश्यक परेमा छुट्टै पानामा उल्लेख गर्नुहोला

च. समूह/सहकारी/समिति/कष्टम हायरिङ्ग सेन्टरले सञ्चालन गर्ने भएमा कृषियन्त्र प्रयोगको क्षेत्र र लाभान्वित हुने समुदाय

क.सं.	कृषि यन्त्रको नाम	प्रयोग हुने क्षेत्रहरु (ठेगाना)	प्रयोग हुने बालीबस्तु	प्रयोग हुने क्षेत्रफल (बिगाहा)	लाभान्वित हुने घरधूरी संख्या	अन्य कैफियत खुलाउने
१						
२						

छ. आवेदकको कृषि कार्यको बर्तमान अवस्था, भावी योजना, प्रस्तावित कृषियन्त्रको आवश्यकता र औचित्य, यन्त्र कसले/परिवारको कुन सदस्य चलाउने? छरछिमेकी अन्य कृषकंलाई कसरी सेवा प्रदान गर्ने? लगायतका बिषयमा आफ्नो धारणा लेख्नुहोसः ....

....

....

....

....

....

....

....

....

....

....

<u>**ज. प्रतिबद्धता तथा स्वघोषणाः-**</u> परल मूल्य म/हामीले आफ्नै श्रोतबाट नगद तिरी कृषि यन्त्र उपकरण खरिद गरी यन्त्र सञ्चालन/परिचालन गर्न म/हामी सहमत तथा प्रतिबद्ध छु/छौं। कृषियन्त्रमा यस अघि अनुदान सहयोग प्राप्त गरे/नगरेको यथार्थ बिवरण म/हामीले स्पष्ट खुलाएका छु/छौं। उल्लेख नगरी झुठा विवरण पेश वा जालसाजी गरेमा म/हामी नै पूर्ण रुपमा जिम्मेवार हुनेछु/छौं। छनौट भएमा अनुदान सहयोग प्राप्त यन्त्र बिक्री बितरण, दुरुपयोग, अपचलन वा गैरकृषिमा प्रयोग गर्ने छैन/छैनौं।

माथि उल्लेखि बिवरण ठिक साँचो छ झुठो ठहरी कानूनी कारवाही भएमा राजी छु/छौं।

नोटः यो प्रस्ताव फाराम एउटा नमूना मात्र हो.... स्पष्टताकोलागि थप विवरण उल्लेख गर्न सकिनेछ।

प्रस्तावकको नाम ....

कृषक समूह/सहकारी/फर्म/संस्थाको छाँपः

ठेगानाः- ....

दस्तखतः ....